★ राष्ट्रियता (Nationality) ★ लोकतन्त्र (Democracy) ★ समाजवाद (Socialism) ★ विद्यार्थी एकता (Student's Unity)

# नेपाल विद्यार्थी संघ
# NEPAL STUDENTS' UNION

त्रिभुवन विश्वविद्यालय समिति
कीर्तिपुर, काठमाण्डौं

प. सं.
च. नं.

मिति: २०७९/०४/१२

## प्रेस विज्ञप्ती

नेपाल विद्यार्थी संघ लोकतन्त्र, राष्ट्रियता, स्वतन्त्रता, मानव अधिकारको पक्षमा वकालत गर्दै आइरहेको नेपालको एक ऐतिहासिक संगठन हो । समाजमा हुने विभिन्न प्रकारका विसंगती, अन्याय , अत्याचार, कुरिती तथा हिंसाहरुको विरुद्ध नेपाल विद्यार्थी संघले स्थापना कालदेखि नै आवाज उठाउँदै आइरहेको छ ।

त्रि.वि.ने.वि.संघले विभिन्न अन्याय, अत्याचार, विकृति , विसंगती, बेथिती, भ्रष्टाचारका विरुद्धमा बुलन्द आवाज उठाउँदै आएको कुरा सर्वविदितै छ ।

उपरोक्त सम्वन्धमा त्रिभुवन विश्वविद्यालय अन्तर्गत व्यवस्थापन संकायको निर्माणाधीन भवनमा व्यवस्थापन संकाय विभागीय प्रमुखलाई आर्थिक अनियमितताको आरोप लगाई धम्की , डर , त्रास दिई आर्थिक लाभ उठाउने नियमित राखी आफूलाई अनेरास्ववियु त्रि.वि. विद्यार्थी संगठन निकट नेताहरु हौं भन्दै प्रत्यक्ष रुपमा धम्की दिएको भन्ने सूचना प्राप्त भएको हुँदा यस प्रति त्रि.वि.ने.वि. संघको गम्भीर ध्यानाकर्षण भएकोछ ।

यस प्रकारका अराजक गतिविधीको कारणले विभागीय प्रमुख विभागमा उपस्थित हुन नसकी कार्यालयबाट हुने गरेका दैनिक शैक्षिक र प्रशासनिक कार्यहरुमा प्रत्यक्ष असर परेको प्रति ने.वि.संघ, त्रि.वि. खेद प्रकट गर्दछौं । साथै , यस्ता गतिविधिमा संलग्न व्यक्तिहरुलाई प्रचलित कानुन बमोजिम हदै सम्मको कानुनी कारवाहीको लागि सम्वन्धित निकाय संग त्रि.वि.ने.वि संघ जोडदार माग गर्दछ ।

जय नेपाल ।

नेपाल विद्यार्थी संघ
त्रिभुवन विश्वविद्यालय, किर्तीपुर